# नीलकण्ठ राजपत्र


नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ५) धादिङवेसी, धादिङ (संख्याः १ मितिः २०७९।०३।०५


## भाग - २

नीलकण्ठ नगरपालिका

## आकस्मिक मर्मत सम्भार कार्यविधि ,२०७९

**प्रस्तावनाः**

विपद पछि श्रृजित अवस्थाबाट भौतिक संरचानाहरुमा नोक्सानी भई समुदायलाई तत्काल आवश्यक पर्ने सेवा सुविधा तथा राहत उपलब्ध गराउनुका साथै क्षति भएका भौतिक संरचनाहरुको तत्काल मर्मत सम्भार गरी समस्यालाई तत्काल समाधान गर्नुपर्ने हुन्छ । वडामा पूँजिगत खर्च तर्फ वडास्तरीय मर्मत सम्भार तथा विपद् व्यवस्थापन गर्ने प्रयोजनका लागि योजनाको छनौट, लागत अनुमान, कार्यान्वयन प्रक्रिया, भुक्तानी, अनुगमन मूल्याँकन, लेखा

व्यवस्थापन र लेखा परीक्षण, जाँचपास तथा फरफार, प्रतिवेदन आदि प्रक्रिया स्पष्ट र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तारः** (१ ) यस कार्यविधिको नाम "आकस्मिक मर्मत सम्भार कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

(३) यो कार्यविधि लागू भएको मितिदेखि ३ महिना सम्म मात्र मान्य हुने छ ।

## परिच्छेद -२

## उद्देश्य

२. आकस्मिक मर्मत सम्भार कार्यविधि, २०७९ को उद्धेश्य देहाय बमोजिम हुनेछ ।

क. स्थानीय श्रम सीप प्रयोग गरी कम लागतमा मर्मत सम्भार गर्ने।



ख. विपद हुनुपूर्व तथा पश्चात सम्बन्धित भौतिक संरचनाहरुको मर्मत सम्भार हुने जसबाट धनजन र संरचनाहरु नोक्सान हुनबाट जोगाउने ।

ग. खानेपानी, सडक, विद्युत, तटबन्ध आदि जस्ता अत्यावश्यक संरचनाको तत्काले मर्मत सम्भार गर्ने।

घ. दैनिक सवारी साधन आवातजावतमा समस्या उत्पन्न हुन नदिने ।

ङ. विपद पश्चात् उत्पन्न क्षतिको न्यूनिकरण गर्ने ।

## परिच्छेद - ३

## कार्यक्षेत्र

३. **कार्यक्षेत्रः** यस कार्यविधि अनुसार हुने खर्च यस नगपालिकाको विपद् व्यवस्थापन कोष शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम क्षेत्रहरुमा खर्च गरिनेछ ।

(क) कल्भर्ट मर्मत सम्भार हयूमपाइप मर्मत तथा खरिद कार्य,

(ख) नाली सरसफाई तथा मर्मत,

(ग) विद्युतलाईन मर्मत तथा भाँचिएको पोल मर्मत,

(घ) सडकमा खाल्टाखुल्टी पुर्ने, मर्मत सम्भार गर्ने,

(ङ) तटवन्ध, बाँध मर्मत तथा ग्याविन जालि लगाउने,

(च) सामुदायिक विद्यालय, स्वास्थ केन्द्रहरुमा आकस्मिक भैपरी आउने मर्मत कार्य

(छ) वडा क्षेत्र भित्र हुन सक्ने अन्य आकस्मिक/भैपरी आउने स-साना कार्यहरु

## परिच्छेद - ४

### खर्च गर्ने विधि तथा प्रक्रिया

४. **खर्च गर्ने विधि तथा प्रक्रियाः** आकस्मिक मर्मत सम्भार तथा विपद व्यवस्थापनका लागि विनियोजित रकम खर्च गर्ने विधि तथा प्रक्रिया निम्नानुसार हुनेछ ।

(क) प्रत्येक वडामा आकस्मिक मर्मत सम्भार कार्य गर्नका लागि आवश्यकता बमोजिम वडा समितिको निर्णय बमोजिम बढीमा ५ जना कर्मचारी दैनिक ज्यालदारीमा नियुक्ति गर्न सकिनेछ। साथै कर्मचारी नियुक्ति गर्दा दैनिक ज्याला मजदुरीको हिसाबले सम्बन्धित वडाको वडा सचिवले करारनामा गराएर कार्यसम्पादन करार गरिने छ।



(ख) उपदफा (क) बमोजिम नियुक्त कर्मचारीको दायित्व परिच्छेद ३ मा तोकिएको कार्यक्षेत्र बमोजिम हुनेछ । (ग) उपदफा (क) बमोजिम नियुक्त कर्मचारीले सम्बन्धित वडाको पदाधिकारी तथा प्राविधिकसँग समन्वय गरेर विपद व्यवस्थापनको कार्य गर्नुपर्नेछ ।

(घ) नियुक्त गरिएका कर्मचारीको हाजिरी वडा अध्यक्षले प्रत्येक महिना प्रमाणित गरी नगर कार्यपालिकामा पठाउनु पर्नेछ । साथै नियुक्त कर्मचारीले नीलकण्ठ नगरपालिकाको २०७८ सालको नगर दरदेट अनुसार अदक्ष जनशक्तिले पाउने दैनिक ज्याला बमोजिम हुनेछ ।

(ङ) कर्मचारीले पहिरो पन्छाउने तथा सरसफाई गर्न नसक्ने अवस्था आएमा प्राविधिकको इष्टमेट बमोजिम डोजर लगाएर बाटो सफा गर्न सकिनेछ ।

(च) डोजर लगाएर बाटो सफा गर्दा कार्य सम्पन्न भएको जानकारी भए पश्चात सम्बन्धित प्राविधिक कर्मचारीबाट मूल्याँकन/सिफारिस गर्नुपर्नेछ ।

(छ) मेशिन प्रयोग भएको अवस्थामा अनुगमन तथा निरीक्षण प्रतिवेदन, आवश्यक भरपाइ/डोर हाजिरीका आधारमा वडा कार्यालयको निर्णय बमोजिम योजना कार्यान्वयन गर्ने व्यक्ति/फर्म/संस्थालाई भुक्तानी दिइनेछ।

(ज) डोजर लगाउनु पर्ने अवस्था भएमा प्राविधिक प्रतिवेदन बमोजिम प्रतिवडा अधिकतम ६० घण्टा सम्मको यस कार्यविधि बमोजिम भुक्तानी गरिनेछ ।

## परिच्छेद - ५

## अनुगमन तथा सुपरिवेक्षण

५. अनुगमन तथा सुपरिवेक्षण: वडा अध्यक्षको संयोजकत्वमा गठित समितिद्धारा यस मर्मत सम्भार तथा विपद् व्यवस्थापन कार्यको समेत अनुगमन तथा सुपरिवेक्षण गर्नेछ।

(ख) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमनको प्रतिवेदन मासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ६

## विविध

६. विविध: (क) यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम हुनेछ भने यसमा उल्लेख नभएको विषयहरुको हकमा सार्वजनिक खरिद ऐन नियमावली तथा



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित ऐन कानून नियम बमोजिम हुनेछ ।

(ख) योजना कार्यान्वयन नगर सभा तथा नगर कार्यपालिकाको बैठकबाट पारित नीति निर्देशनको अधिनमा रहि कार्य सम्पादन गर्नुपर्नेछ ।

आज्ञाले,

नेत्रप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत